# एकान्तको साथी

**कोमल भट्ट**

म जन्मेको काललाई नेपाली राजनीतिसँग साइनो लगाउने हो भने त्यो जनमत सङ्ग्रहको काल थियो । त्यो सङ्क्रमणकालीन अवस्थाले म जन्मिनुबाहेक अरू केही सम्बन्ध राख्दैन मेरालागि । तर त्यसले ठूलै राजनीतिक अर्थ राख्छ, नेपाली राजनीतिमा । किनभने नेपालको राजनीतिमा २०१७ सालपछिको त्यो अर्को कोल्टे फेराइ थियो र त्यो नेपाली इतिहासकै एकमात्र जनमत सङ्ग्रह थियो ।

जन्मकाल छोडेर जन्मस्थानबारे भन्नुपर्दा मेरो घर डोटी हो । नेपालको मानचित्रमा सुदूरपश्चिम । मानचित्रमा डोटी पहिल्याउन सजिलो छ, काठमाडौँको तुलनामा । कलेजमा पढ्ने मेरा केही साथीहरू "तिम्रो घर काँ ?" भनेर सोध्थे मलाई । "डोटी" भन्थेँ म । तिनको जिज्ञासा टुङ्गिँदैनथ्यो । फेरि सोध्थे– "यो डोटी भनेको काँ पर्छ ?" मलाई आफैदेखि दिक्क लाग्थ्यो । फेरि घोत्लिएर सोच्थेँ– "आखिर मेरा ती साथीहरूले किन चिन्दैनन् सुदूरपश्चिमको एक जिल्ला भनेर डोटीलाई ?"

यद्यपि पछिल्ला दिनमा सुदूरपश्चिम अलि बढी नै सुनिन थालेको छ, सँगसँगै डोटी पनि । माओवादी गतिविधि यहीँ छ । सुरक्षाकर्मी र माओवादीको भिडन्तमा स्कूले विद्यार्थी मारिएको मुडभरा काण्ड डोटीमै भएको हो । अरू पनि यस्ता थुप्रै काण्डहरू छन् जसले डोटीलाई चिनाउन सक्छन् । भोकमरी र गरिबी नाता जोडेर बसेकै छन् । रोग, भोक, अशिक्षा यी त हाम्रै मित्र हुन् किन छोडेर जान्थे सजिलै ।

प्राय: नेपाली गाउँ जस्तै छ मेरो साफरी गाउँ पनि । मेरो बाल्यकालका अधिकांश समय (जीवनका प्रारम्भिक करिब १८ वर्ष) गाउँमै बिते । आधुनिक सञ्चारमाध्यममध्ये रेडियोसितको चिनारी पहिलो थियो मेरो । कति सालमा वा कहिले भन्ने याद भएन । त्यसपछि फोन र टेलिभिजन सँगसँगै देखेँ छ कक्षामा पढ्दा । करिब २०४६ सालतिरकै कुरा हो यो । कम्प्युटरसँगको मेरो चिनारी काठमाडौँ आएपछि भएको हो, इमेल इन्टरनेट त झन् अझै पछि । तर सञ्चारका यी प्रविधिसित मेरो चिनारी पछिल्लो भए पनि यिनले मेरो गाउँले जीवनको दिनचर्यामा आमूल परिवर्तन ल्याइदिएका छन् । यद्यपि गाउँमा बिताएका रमाइला दिनहरूको झल्को लागिरहन्छ बेलाबखत ।

मैले रेडियो राम्ररी सम्झेको २०४६ सालपछि मात्रै हो । त्यस वर्ष मेरो ठूलो दाजुले एसएलसी पास गरेपछि डडेल्धुरामा एउटा बोर्डिङ स्कूलमा पढाउन थाल्नुभयो । उहाँको आफ्नो पहिलो कमाइबाट किनेको दुईओटा सामानमध्ये रेडियो एक थियो । अर्को सामान चाहिँ लालटिन हो । यसपछि मात्र हो मैले रेडियो देखेको र चलाउन पाएको । सुरुमा अचम्म र खुल्दुली औधी नै लागे पनि बिस्तारै सबै सामान्य लाग्यो । म सानैदेखि रेडियोलाई खोलखाल पारेर आफ्नो जिज्ञासा मेटाउने काममा निकै अगाडि थिए ।

मैले गाउँले छरछिमेकहरू साथै आमाबाट सुनेअनुसार पहिलो पटक माइलो दाजु (प्रमोद) को नाम बूढानीलकण्ठको छात्रवृत्तिमा छानिएको कुरा बिहान सात बजेको समाचारमा रेडियोमार्फत सुनेपछि छिमेकीहरू खुबै खुशी भएको थिए रे ! साथसाथै आश्चर्य पनि मानेका थिए रे 'फलानोको छोराको नाम रेडियोले भन्यो' भनेर । यो २०४१ सालतिरको कुरा हो र म सानै थिएँ । त्यसैले मलाई थाहा छैन । त्यसो त मलाई २०४६ सालको जनआन्दोलनबारे पनि सम्झना छैन । किनभने गाउँमा आन्दोलन हुँदैनथ्यो, सहरको आफूलाई के थाहा ?

मलाई रेडियोमा आउने समाचारको धुन खुब मीठो लाग्थ्यो तर त्यसको अहिले सम्झना छैन । तर एउटा नाम रोनाल्ड रेगन, अमेरिकाको राष्ट्रपति, खै किन हो यो नाम मैले बिर्सन सकेको छैन तर यसबाहेक अरू नाम सुनेको

त्यसबेलाको सम्झना छैन । अस्ति भर्खर रेगन मर्दा मलाई किन किन, पहिलाको सम्झना आयो । प्रसङ्गवश अन्तै कतै समाचार सुन्दा उनको नाम मेरो मस्तिष्कमा गढेको हुनुपर्छ । नत्र त मेरो घरमा रेडियो आउँदा उनी भूतपूर्व भइसकेका थिए र समाचारको प्राथमिकतामा पर्दैनथे ।

ग्रामीण कृषक परिवारमा गाईबस्तु हुनु स्वभाविकै भयो । स्कूल बिदाका दिनमा गोरु हेर्ने (हाम्रोतिर गाईबस्तु चराउन जानुलाई गोरु हेर्ने भन्ने चलन छ) जिम्मा हामी केटकेटीको हुन्थ्यो । तर मलाई गोरु हेर्न भनेपछि अति नै अल्छी लाग्थ्यो । यो अल्छीपनले गर्दा गाली धेरै खानुपरेको अहिले सम्झिन्छु । पाएसम्म म रेडियो बोकेरै जान्थेँ गोरु हेर्न । त्यसले समय बिताउन सघाउँथ्यो र आनन्द पनि आउँथ्यो ।

रेडियोमा भुल्दा गाईबस्तुले 'सरु खाएको' (अर्काको बाली खाएको) र त्यसपछि घरमा मैले गाली र पिटाइ दुवै खाएको पनि सम्झन्छु । रेडियोमा प्रसारित मेरा प्रिय कार्यक्रमहरूमा रेडियो नेपालबाट आउने शनिबारको नाटक एक हो । म नाटकमा यसरी झुम्थेँ कि मानौँ म कुनै प्राचीन ग्रीक रङ्गमञ्चको दर्शकमध्ये एक हुँ । त्यहाँ म आफैलाई हराउँथे । नाटक सुनिरहेको बेला कसैले काम अह्रायो भने रिसको पारो उक्लन्थ्यो । गोरु हेर्न जाँदा सधैँ रेडियो लिएर जाने मौका मिल्दैनथ्यो । तर नाटकको म यति 'क्रेजी' थिएँ कि नाटक नसुनी गोरु हेर्न जान पनि मान्दिनथेँ ।

दशैँताका आउने नाटकहरू पनि म खुब चाख मानीमानी सुन्थेँ, चण्ड, मुण्ड, शुम्भ, निशुम्भको अट्टहास, देवीको हाँसो सुनेर दैवी र आसुरी शक्तिको कल्पना गर्थें । बीचमा कोही छुसुक्क बोले भने कि त रेडियो आफैसित लान्थेँ कि त्यसको आवाज चर्काउँथे । तर वर्षैपिच्छे त्यही नाटक आउने भएपछि सुन्न छोडेँ । यसबाहेक माघ महिनामा आउने 'श्री स्वास्थानी ब्रतकथा' को नाटकमा गोमाले पाएको दुःख, चन्द्रावतीले भोगेको पीडा, नवराजको औडाहा र राजा हुँदाको खुशी मेरै वरिपरि भएजस्तो लाग्थ्यो । म यो नाटक सुन्न अठोट गरेरै सुत्थेँ । तर कहिलेकाहीँ निद्रादेवीको काखमा लुटपुटिएर नाटक सकिएपछि मात्रै ब्युझँन्थे । आफैदेखि रिस उठ्थ्यो र आमासँग रिस पोख्थेँ मलाई किन नउठाएको भनेर । किनभने आमा पनि सधैँ यो नाटक सुन्नुहुन्थ्यो । माघ महिनामा आमा आफै पनि राती स्वस्थानी कथा सुनाउनुहुन्थ्यो । आमाको भन्ने शैली मीठो थियो । तर रेडियोमा विभिन्न पात्रको संवादमार्फत नाटकीकरण गरिएको ठ्याक्कै त्यस्तै कथा आफ्नै कानले सुन्न पाएपछि आमाको कथावाचन पनि फिक्का लाग्थ्यो ।

रेडियो नेपालकै प्रत्यक्ष प्रसारणको कुरा गर्ने हो भने तीज, शिवरात्री, लगायतका धार्मिक ठाउँहरूबाट गर्ने प्रसारणहरूले मेरो सहर घुम्ने योजनालाई अझ घनीभूत पार्थे । त्यस्ता प्रत्यक्ष प्रसारण सुन्न म एकाबिहानै आँखा मिच्दै उठ्ने गर्थे । प्रत्यक्ष प्रसारणहरूले मेरो सूचनाको सञ्जाललाई पनि एकहदसम्म फराकिलो पारेका थिए । म आइए पढ्दा (२०५३/५४ सालतिर) हो क्यारे, रेडियो नेपालले 'साउथ एसियन फुटबल' खेलको प्रत्यक्ष प्रसारण गरेको थियो । रेडियोबाट त्यो खेलको प्रत्यक्ष प्रसारणमार्फत नै मैले भारतका अहिलेका चर्चित खेलाडी भाइचुङ भुटियाको नाम पहिलोपटक सुनेको थिएँ । यसबाहेक भारत र श्रीलङ्काका धेरै खेलाडीको नाम मलाई कण्ठस्थ थियो । यसले मेरो फुटबल खेलप्रतिको आकर्षणलाई अझ बढाएको थियो । त्यो बेला सुनेको फुटबलको प्रत्यक्ष प्रसारण र पछि टेलिभिजनबाट हेरेको प्रत्यक्ष प्रसारणमा हुने फरकलाई पनि आत्मसात गर्न पाएँ । झन् पछि रङ्गशालामै गई खेल हेरेपछि त म नै खेल्दै छु जस्तो पो जोश आएको थियो ।

रेडियोसँगको मेरो आत्मीयता यसरी जेलिएको थियो कि म एक्लै सुत्दा रेडियो बजाएरै सुत्थेँ । तर कहिलेकाहीँ रेडियोका कार्यक्रम कतिखेर सकिन्थेँ, पत्तै पाउँदिनथेँ । निद्राले छोपेपछि रेडियो त रातभर उठ्थ्यो तर म भने सुतेको सुत्यै । भोलिपल्ट जब रेडियाले टुँऽऽऽ गर्थ्यो तब थाहा पाउँथेँ मेरो रातको करामत । यसरी धेरैपल्ट रेडियो लिएर सुत्ने तर बन्द गर्न बिर्सने बानीले रेडियो राख्ने अवसरबाटै बञ्चित भएको छु । त्यसो त रेडियो मेरो एक्लो हुँदाको एउटै सहारा भएको पनि निकै उदाहरण छन् । भाउजू, फुपूहरूले भूतप्रेतका कथा सुनाउँदा सुनुञ्जेल रमाइलो लागे पनि राती फेरि त्यही कथाले सताउँथ्यो । किनभने रातमा केही छुसुक्क मात्र भयो भने पनि कतै त्यही भूत पो हो कि भन्ने लाग्दथ्यो । यस्तो बेलामा मेरो साथी हुन आइपुग्थ्यो त्यही रेडियो । म मेरो निद्रा नपरुञ्जेल रेडियोको मिटर यताउति घुमाउँथे र नबुझिने नै प्रसारण नै पक्रे पनि बजाउँथे ताकि मेरो ध्यान त्यो भूतप्रेतको कथापट्टि नमोडियोस् ।

रेडियो जुधाएको एउटा सन्दर्भ पनि मसँग अमिट बनेर रहेको छ । यो सायद २०४६/४७ तिरको कुरा हुनुपर्छ । हाम्रो गाउँघरतिर कसको रेडियो बलियो भन्ने खुब प्रतिस्पर्धा हुन्थ्यो । दुईजनाको रेडियोलाई आमनेसामने फर्काएर 'फूल भल्युम' मा बजाएपछि जुन रेडियो बन्द हुँदैनथ्यो, त्यो असली ठहरिन्थ्यो र त्यो रेडियो मालिकको नाक फुल्थ्यो । यस्तै प्रतिस्पर्धामा मैले आफ्नै रेडियो पनि होमेको छु ।

रेडियोले भनेका कुरा सत्य साँचो हुन्छन् भनी ठान्ने धारणा मेरो पनि थियो । २०५२ सालको कुनै एक दिन मैले रेडियो नेपालको बिहान सात बजेको समाचारमा सुनेँ– आजदेखि रेडियो नेपाल एफएम काठमाडौँ सुरु भयो भनेर । हाम्रो गाउँमा त्यतिखेर एफएमसहितको ब्याण्ड भएको रेडियो हाम्रो मात्र थियो । समाचार सकिएपछि मैले रेडियोमा एफएम ब्याण्ड घुमाए र अघि मैले समाचारमा सुनेको एफएम १०० मेगाहर्ज सुन्न खुब मेहनत गरेँ । तर स्वाँऽऽ बाहेक केही नभएपछि मैले अनुमान लगाए कि यो रेडियो नेपालले झुटो समाचार दियो भनेर । आफूले त्यति बेला बुझेको एफएम र अहिले सुनेको एफएम प्रसारण देखेर मलाई आफ्नो अज्ञानताको याद बल्झिन्छ ।

रेडियोमा म रेडियो नेपाल मात्रै होइन, अल इण्डिया रेडियोको *फर्माइसी गीतोंका प्रोग्राम* पनि त्यत्तिकै सुन्ने गर्थें । "ये अल इण्डिया रेडियो हे अब सुरु होता हे आपका *फर्माइसी गीतोंका प्रोग्राम"* भनेपछि उत्तेजित हुन्थेँ म गीत सुन्नलाई । यो कार्यक्रम सुन्न मलाई रुचि जगाइदिएको मेरो ठूलाबाका छोरा माइल्दाजु (गोविन्द भट्ट) ले हो । ती गीतहरू मस्त सुनिन्थ्यो । त्यही सुनेका आधारमा हिन्दी गीतप्रति मेरो अनुराग आजसम्म कायम छ । यसबाहेक हिन्दी गीतप्रति मोह बढ्नुको अर्को कारण पनि छ । गाउँघरतिरका धेरैजसो दाजुभाइ इण्डियामा 'डिप्टी' गर्न जान्थेँ, जसलाई हामी 'लाहुरे' भन्ने गर्थ्यौं (यो कुरा अहिले पनि लागू हुन्छ) । तिनले लाहुरबाट घर फर्कंदा आफूसँगै ल्याएको रेडियोमा हिन्दी गीत घन्काउँदै आउँथे । गाउँमा पनि ठूल्ठूलो आवाजमा रेडियो बजाउँदै मेलापात, घाँस दाउरा गर्थे । तर तिनका ब्याट्री पनि कति पो चल्थे र ? त्यस्तो फूर्ति लगभग एक महिनासम्म कायमै हुन्थ्यो । पछि बिस्तारै आफ्नो ठेगानमा आइहाल्थे ।

हिजोआज पनि मसँग रेडियो छ । जब म कोठामा पुग्छु त्यसले बोल्न सुरु गर्छ र जसै बाहिरिन्छु त्यसले आराम पाउँछ । यतिमात्र होइन, रातभरि त्यो आजकल खुला रहन्छ तर त्यसमा गरिने 'ट्युनिङ' हिजोआज फरक भएको छ । किनभने हिजो पो रेडियो नेपाल मात्र थियो आज त रेडियोहरूको नेपाल ।